नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी, इनरुवा

☎ ०२५-५६०१७१ { ५६०१५१ ५६०१३१ ५६००२२ (निवास

📠 ५६१७२८

Email : daosunsari@gmail.com

website : www.moha.gov.np/sunsari


पत्र संख्या :-०७४/७५

चलानी न.:-८२५८

मिति:- २०७५/०२/२८

विषय:- सूचना प्रेषित गरिदिनु हुन ।

श्री सबै उ.म.न.पा. /न.पा. /गा.पा.

सुनसरी ।

ताहाँ गा.पा./न.पा./उ.म.न.पा. मा रहेका गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा प्रतिफल वितरण नगर्ने कम्पनीको सदस्यहरुको नामथर ठेगाना सहितको विवरण यस कार्यालयमा पेश गर्न लगाउने र तीन बर्ष सम्म नविकरण नभएका संघसंस्थाहरुलाई १५ दिन भित्र यस कार्यालयमा नविकरण गर्न र नविकरण हुन नआएमा संस्थाहरुको दर्ता खारेजी प्रक्रिया अघि बढाउन भनि गृह मन्त्रालयको च.नं. १५४२ मिति २०७५/२/२५ को पत्रबाट लेखी आएको हुँदा १५ दिन भित्र यस कार्यालयमा सबै प्रक्रिया पुरा गरी सम्पर्क राख्न सबै संघसंस्थाहरुलाई सूचना प्रेषित गरिदिनु हुन अनुरोध छ साथै उक्त निर्णयको छायाँकपी पाना २ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

७५/२/२८

प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा लागुऔषध नियन्त्रण शाखा)

नेपाल सरकार गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु. ०७४/०७५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १५४२

मितिः २०७५।०२।२५

विषयः- निर्णय पठाइएको सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा मिति २०७५/०२/२४ गते माननीय गृहमन्त्री राम बहादुर थापा 'वादल' ज्यूको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरु पाना २ (दुई) कार्यान्वयनको लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

२०७५/०२/२५

(मान बहादुर बुढा)
शाखा अधिकृत

प्रशाखा
लेखि अनुसार कार्यान्वयनको
विवरण तयार
गर्नु पर्ने
२०७५।२।२६

निर्णय नं.१

नेपालमा दर्ता भएका गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा प्रतिफल वितरण नगर्ने कम्पनी (Non Profit Distributing Company) को नाम, कार्यसमिति सदस्यहरुको नाम, थर, ठेगाना सहितको विवरण जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद र कम्पनी रजिष्टारको कार्यालयवाट १ (एक) महिना भित्र संकलन गरी सो विवरण गृह मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२

जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्टार कार्यालयमा दर्ता भई समाज कल्याण परिषदमा आवद्ध भएका गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा प्रतिफल वितरण नगर्ने कम्पनी (Non Profit Distributing Company) हरुको ३ (तिन) वर्ष सम्मको नविकरणको अवस्था हेरी तत् तत् निकायमा नविकरण भएको नपाईएमा तत् तत् निकायवाट पुन नविकरण गर्न १५ (पन्ध्र) दिने सूचना जारी गर्ने र सो समयावधी भित्र नविकरण हुन नआउने संस्थाहरुको दर्ता खारेजी प्रक्रिया अघि बढाउने साथै नविकरण गर्दा उक्त संस्थाहरुले हालसम्म गरेका कार्यहरुको आर्थिक विवरण सहितकै प्रतिवेदन लिने समेत निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३

अबदेखि गैर सरकारी संस्थाहरु दर्ता गर्दा एक भन्दा बढी क्षेत्रहरुमा काम गर्न नपाउने गरी मात्र दर्ता गर्ने । यसभन्दा अघि एक भन्दा बढी क्षेत्रमा काम गर्ने भनी उद्देश्य भएका गैर सरकारी संस्थाहरु आगामी नवीकरण गर्दा एक क्षेत्रमा काम गर्ने गरी उद्देश्यमा संशोधन गरेर मात्र संस्था नवीकरण गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.४

नेपालमा दर्ता भई संचालनमा रहेका गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा प्रतिफल वितरण नगर्ने कम्पनी (Non Profit Distributing Company) हरुका कार्य समितिका सदस्यहरु तथा संस्थामा काम गर्ने कर्मचारीहरुको संस्था दर्ता तथा नवीकरण गर्दा अनिवार्य रुपमा सम्पति विवरण समेत बुझाउनुपर्ने र सम्पति विवरण बुझाउन नमानेमा संस्था दर्ता तथा नवीकरण नगर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने निर्णय गरयो ।

निर्णय नं.५

नेपालमा पछिल्लो समयमा वढिरहेको महिला तथा बालवालिका हिंसा एवं यस क्षेत्रमा बढ्दो जोखिम न्यूनिकरण तथा रोकथामका लागि ठोस कदम चाल्ने गरी कार्ययोजना निर्माण गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलले १५ दिनभित्र कार्ययोजना तयार गरी पेश गर्ने ।

देहाय

सह-सचिव, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय-संयोजक

उप-सचिव, गृह मन्त्रालय -सदस्य

प्रहरी उपरिक्षक, नेपाल प्रहरी, महिला तथा बालालिका सेवा निर्देशनालय -सदस्य

निर्देशक, महिला तथा बालबालिका विभाग - सदस्य

शाखा प्रमुख, सम्बन्धित शाखा हेर्ने महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय — सदस्य सचिव

निर्णय नं. ६

राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुमा आचारसंहितालाई प्रभावकारी रुपमा लागू गर्ने निर्णय गरियो ।

निर्णय नं.७

राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको अनुगमन तथा मूल्यांकनमा प्रमुख जिल्ला अधिकारीहरुलाई समेत जिम्मेवार बनाउने साथै अनुगमन मूल्याकंनलाई थप प्रभावकारी बनाउन समाज कल्याण परिषद्को विद्यमान अनुगमन मूल्याकंन गर्ने परिपाटीलाई परिमार्जन गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सचिवज्यूको संयोजकत्वमा समाज कल्याण परिषद्को सदस्य सचिव र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कानून महाशाखा प्रमुख सदस्य रहेको समिति गठन गर्ने र उक्त समितिले १५ दिनभित्र अनुगमन मूल्याकंन निर्देशिका तयार गरी लागू गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.८

राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी संस्थाहरुले गरेका कामकारवाहीको कम्तीमा चौमासिक रुपमा प्रतिवेदन दिने प्रणालीलाई जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्ले कडाईपूर्वक लागू गर्ने । समयमा प्रतिवेदन नपर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको नविकरण नगर्न निर्देशन दिने निर्णय गरियो ।